## मिति २०७८।९।२७ गते आयोजित Meet The Press कार्यक्रममा प्रस्तुत नेपाल बार एशोसिएशनको धारणा

सम्पादक मित्रहरु,

१. नेपाल बार एशोसिएशन किन आन्दोलनमा छ ? र हामीले हालसम्म के के गर्‍यौं ?

१.१. नेपाल बार एशोसिएशनले न्यायपालिकाभित्र व्याप्त विकृति, विसंगती, भ्रष्टाचारको विरुद्धमा र न्यायपालिकाको समग्र सुधारको पक्षमा १७ बुंदे अवधारणा तथा माग सहित आन्दोलन शुरु गरेको आज ७३ दिन व्यतित भएको सार्वजनिक रुपमा अवगत नै छ ।

१.२. समग्र न्यायपालिकाको सुधार, न्यायिक सुशासन र विधिको शासनको परिपालना एवम् संवैधानिक प्रक्रियाको निरन्तरता र स्वतन्त्र न्यायपालिकाको मर्म र संवैधानिक उद्देश्यप्राप्ती हाम्रो आन्दोलनको मूल ध्येय रहेको र समग्र न्यायपालिकाको नेतृत्व गर्ने प्रधान न्यायाधीश चोलेन्द्रशम्शेर राणा स्वयम नै भ्रष्टाचारको आरोपमा मुछिएको र सर्वोच्च अदालतका सम्पूर्ण न्यायाधीशहरुले निजको नैतिक आचरण र इमान्दारी माथि नै गम्भीर आशंका गर्दै ईजलाश बहिष्कार गरेको घटना समेत सर्वविदित नै छ । यिनै पृष्ठभूमिका आधारमा प्रधान न्यायाधीशको वहिगर्मनले मात्र संवैधानिक उद्देश्य, मर्म र स्वतन्त्र न्यायपालिकाको संरक्षण, सम्वर्द्धन र सुधारका मूलभूत कार्यकमहरु संभव रहेको निष्कर्ष नेपाल बार एसोसिएशनको रहेको छ । तसर्थ, आजको दिनसम्म पनि न्यायपालिकाको सुधारको लागि उहाँको राजिनामा नै हाम्रो प्रमुख मांग बन्न पुगेको छ । तर हामिले बस्तुगत तथ्यमा आधारित रही अघि सारेका १७ बुंदे अवधारणा मार्फत संवैधानिक र कानूनी व्यवस्थाको समेत पुनरावलोकन माग गरिएकोले प्रधान न्यायाधीशको राजिनामा पश्चात पनि हाम्रो अभियान भिन्नरुपमा जारी नै रहने व्यहोरा समेत जानकारी गराउन चाहन्छौं ।

१.३. न्यायपालिकामा व्याप्त बिकृति, विसंगति र भ्रष्टाचारका सम्बन्धमा राय सुझाव सहित प्रतिवेदन पेश गर्न माननीय न्यायाधीश श्री हरिकृष्ण कार्कीको संयोजकत्वमा गठित समितिले पेश गरेको प्रतिवेदनमा उल्लेख भएका अन्य कतिपय सुझावका अलावा प्रधान न्यायाधीश ईमान्दार रहेको अवस्थामा करिव ८० प्रतिशत समस्याको समाधान स्वतः हुने निष्कर्ष निकालेको र न्यायपालिकाको सुधारको लागि विभिन्न सुझावहरु सिफारिस गरेकोमा ती सिफारिसहरु कार्यान्वयन गर्ने मुख्य भुमिका निर्वाह गर्नुपर्ने प्रधान न्यायाधीश स्वयमले ती सिफारिसहरु कार्यान्वयन गर्न अनिच्छा देखाउनु भएकोले कुनै रहर, आवेग, उत्तेजनाका आधारमा नभई स्वतन्त्र न्यायपालिका र संवैधानिक सर्वोच्चताको लागि नेबाएले विगत देखिनै निर्वाह गर्दै आएको कर्तव्य स्वरुप हामि आन्दोलनमा जान वाध्य भएका हौं । सारांशमा भन्नु पर्दा नेबाएको आन्दोलन न्यायपालिकाको नेतृत्वमा पदासिन प्रधान न्यायाधीशबाट

भईरहेको अधिकारको दुरुपयोग पश्चात र भ्रष्टाचारजन्य कार्यहरुबाट न्यायपालिकालाई मुक्त गरी सर्वोच्च अदालत लगायत समग्र न्यायपालिकाको प्रतिष्ठा स्थापित गर्नु परेको छ ।

१.४. आन्दोलनको क्रममा आजसम्म हामीले देशभरका सवै बार इकाईहरुमा विरोध प्रदर्शन गरी कतिपय अवस्थामा सडकमा समेत गई हाल उपत्यकास्तरीय आन्दोलन सर्वोच्च अदालत परिसरमा गरिरहेका छौं । शान्तिपूर्ण विरोध कार्यक्रमको क्रममा दंगाग्रस्त प्रहरी सर्वोच्च अदालतको परिसरमा ल्याउनु लज्जास्पद कार्य समेत प्रधान न्यायाधीश राणाको निर्देशनमा भएको कुरा सर्वविदित नै छ ।

१.५. नैतिकताको आधारमा राजीनामा दिई प्रधान न्यायाधीशको पदको गरिमा कायम राख्न पर्नेमा निजले त्यसो गर्न सक्नु भएन । पदीय जिम्मेवारी पूरा गर्न असक्षम भईसक्दा पनि केवल औपचारिक हाजिरी जनाएर प्रधान न्यायाधीश राणाले थप क्षति पुर्‍याउन थालेको अवस्थामा संवैधानिक कर्तव्य निर्वाह गर्न हामीले संसदमा उपस्थित सवै राजनीतिक दलको नेतृत्व गर्ने शीर्ष नेताहरुलाई समेत ज्ञापन पत्र दिएको पनि करिव दुई महिना व्यतित भईसकेको छ । राजनीतिक दल तथा सांसदहरुले यस्तो संवेदनशिल विषयलाई हालसम्म पनि वेवास्ता गरिरहेकोले न्यायिक अराजकतालाई केही दिनसम्म पनि लम्बिन दिनु नेपालको न्यायपालिका, कार्यपालिका तथा संसदको समेत कसैको हितमा हुने देखेका छैनौं । अन्तर्राष्ट्रिय स्तरमा समेत नेपालको इज्जत र प्रतिष्ठा निरन्तर खस्किरहेको छ । हामीले बारको आन्दोलनलाई थप शसक्त वनाउनु पर्ने आबश्यकता रहेकोले यस पुनीत कार्यमा तपाईहरुको सहयोगको अपेक्षा गरेका छौं । नेपालको संचार जगतलाई विगतमा आईपरेका कानूनी चूनौतीहरुमा हाम्रो संगठनको अगुवाईमा प्रेस स्वतन्त्रताका लागि सक्रियतापूर्वक सहयोग गरेको स्मरण गर्न चाहन्छौं ।

२. प्रधान न्यायाधीशको संवैधानिक दायित्व र वर्तमान अवस्था :

२.१. नेपालको संविधानको धारा १३६ ले प्रधान न्यायाधीशलाई न्याय प्रशासन र न्याय सम्पादनको प्रमुखको रुपमा रही संवैधानिक दायित्व निर्वाह गर्न तोकेको छ। यसका अतिरिक्त संवैधानिक परिषदको सदस्य, न्याय सेवा आयोगको अध्यक्ष, न्याय परिषदको अध्यक्ष जस्ता अन्य महत्वपुर्ण संवैधानिक अंगको समेत संवैधानिक दायित्व सुम्पिएकोमा बिगत २ महिनादेखि उल्लिखित सम्बैधानिक जिम्मेवारीहरु सम्पादन गर्न वर्तमान प्रधान न्यायाधीश पूर्णतः विफल भएको अवस्था छ। सर्वोच्च अदालतको प्रधान न्यायाधीशको रुपमा न्यायिक तथा प्रशासनिक कुनै जिम्मेवारी संचालन गर्न असक्षम रहेको यथार्थ निजले आफै आफ्ना व्यवहार तथा आचरणबाट पुष्टि गर्नु भएको छ । आज उहाँले चाहेर पनि उपरोक्त कुनैपनि संवैधानिक अंगको बैठक वोलाउने, सहभागी हुने र निर्णय गराउन सक्ने अवस्थामा हुनुहुन्न । यसर्थ, वर्तमान न्यायिक गतिरोधको समस्या केवल सर्वोच्च अदालत वा न्यायपालिकाको समस्या

मात्र नभएर संविधानको क्रियात्मक अभ्यासकै समस्या भएकोले न्यायपालिकामा जारी गत्यारोधले संविधान नै निष्क्रिय हुन पुगेको छ ।

२.२. एक जना प्रधान न्यायाधीशको कारणले सिंगो न्यायपालिका र संवैधानिक प्रक्रिया नै अवरुद्ध हुँदा समेत राजनीतिक दल, संसद र सार्वभौम अधिकारको प्रयोग गर्ने अख्तियारप्राप्त सांसदहरुको मौनता, लाचारी वा निरिहताले सार्वजनिक जवाफदेहिता शुन्य हुन पुगेको छ । राष्ट्रको सर्वोच्च अदालतको प्रधान न्यायाधीशको पदमा आसीन रहने व्यक्तिको असक्षमता एवम् अहमको प्रतीक बन्न सक्तैन । कुनैपनि न्याय प्रशासनको संचालन र राष्ट्रको न्याय सम्पादनको जिम्मेवारी न्यायाधीशको मात्र नभई नेपाल बार एसोसिएशन अन्तर्गत संगठित २०औं हजार कानून व्यवसायीहरुको सक्रिय सहयोग र समर्थन विना संभब हुंदैन । प्रधान न्यायाधीश राणाले पदमा आसीन भएपश्चात् नै उनमा न्यायिक विचलन शुरु भएको र निजको यस्तो गतिबिधिबाट समग्र न्यायपालिका प्रभावित हुन थालेको हाम्रो ठम्याई छ । स्वच्छ, स्वतन्त्र र पक्षपातरहित न्याय प्रशासनको प्रत्याभूति गर्ने जिम्मेवारीमा बसेको व्यक्तिको आचरणबाट नै न्यायपालिका खतरामा पुग्न थालेपछि न्यायको पहरेदारको हैसियतले बार एसोसिएशन मूकदर्शक भएर बस्न सक्दैन र बस्नेछैन ।

३. हाम्रो अनुरोध र अपेक्षा

३.१. न्यायपालिकाको समग्र संरचनागत सुधारको विषय, नेपाल बार एसोसिएशन र न्यायपालिकाको विषय मात्र नभएर संसद, राजनीतिक दल र आम सचेत नागरिकको समेत प्रत्यक्ष सरोकारको बिषय भएकोले यसलाई कम आँक्ने वा अनदेखा गर्ने वा शक्ति पृथकिकरणको अमिल्दो र असंवैधानिक व्याख्या गरेर यो समस्यावाट पन्छने दलिय प्रवृतिका विरुद्ध क्रियाशिल हुन र यो विषयलाई सकेसम्म चाँडो समाधान गर्न गराउन तपाई संचार जगतका अग्रणीहरुको अहम् भूमिका रहनु पर्ने भएकोले यहाँहरुको सक्रियताको अपेक्षा गर्दछौं ।

३.२. प्रधान न्यायाधीश, निजको परिवार वा निजले परिचालित गरेका विचौलियावाट न्याय विमुख भएका वा घुस खुवाउन वाध्य पारिएका वा अन्यायमा परेका आम सेवाग्राहीलाई नेपाल बार एशोसिएशनमा आफ्ना गुनासाहरु दर्ता गर्न हामि आह्वान गरिसकेका छौं । हामीलाई प्राप्त हुने विवरणहरु बारे यथाशक्य सार्वजनिक जानकारीमा ल्याउने छौं ।

३.३. प्रधान न्यायाधीशले हालसम्म गरेका र सार्वजनिक भएका विकृति विसंगतीजन्य कार्यहरु र निजले दुई महिनाभन्दा वढी अवधिसम्मको संवैधानिक दायित्व निर्वाह गर्न असक्षम रहेको आधार कारण नै महाअभियोगको लागि पर्याप्त भएकोले त्यसतर्फ संसदमा उपस्थित राजनीतिक दललाई जिम्मेवार वनाउने कार्यमा यहाँहरुको सक्रिय साथ र सहयोगका लागि

आह्वान गर्दछौं । संविधानद्धारा निर्दिष्ट न्यायिक एवम प्रशासनिक जिम्मेवारी पालना गर्न असक्षम एवम असमर्थ प्रधान न्यायाधीश राणाको व्यक्तिगत सन्तुष्टी वा रहर पूरा गर्ने र हाजिरी बजाउने पद होइन । कुनै पदासिन प्रधान न्यायाधीश कुनैपनि कारणले पदीय जिम्मेवारी पूरा गर्न असक्षम र असमर्थ हुनासाथ संविधानको धारा १२९ (६) ले नै सक्षम एवम सक्रियरुपमा संवैधानिक जिम्मेवारी पालन गर्नसक्ने कार्यवाहक प्रधान न्यायाधीशको उपस्थितिको प्रत्याभूति गर्दछ । तर विगत २ महिनादेखि वर्तमान प्रधान न्यायाधीश स्वयमकै भ्रष्ट एवम् अनैतिक आचरणको कारणले गर्दा केवल हाजिरी जनाउने र सरकारी निवासमा बस्ने औपचारिकतामा संकुचित हुन पुगेको तथ्य जगजाहेर छ । नेपाल बार एसोसिएशनको तर्फबाट संस्थागतरुपमा प्रधान न्यायाधीश राणाका विरुद्धमा भ्रष्टाचार सम्बन्धी दर्जनौं आरोपहरु लागेका छन र ति आरोपहरुमध्ये कुनैपनि आरोप खण्डन गर्न सक्ने हैसियतमा उनी छैनन् । भ्रष्टाचार र अनैतिक आचरणको संगीन आरोप खेपीरहेका प्रधान न्यायाधीश राणाले नेपाल राज्यको सम्मानित प्रधान न्यायाधीशको हैसियतले दैनिक राष्ट्रिय झण्डा हल्लाएर सरकारी सुविधा र सम्मान दुरुपयोग गर्दै हिंडेको कार्यले हामी समग्र न्यायकर्मीहरुको शीर निहुरेको छ, राष्ट्रको सम्मानित प्रधान न्यायाधीशको पदको अपमान भएको छ र निजको बहिर्गमन नभएसम्म यो लज्जास्पद अवस्था कायम नै रहनेछ ।

३.४. महाअभियोगको विषयमा ह्विप लगाउन नमिल्ने वा नपाईने विश्वव्यापी संवैधानिक अभ्यास रहेको र नेपालमा समेत राजनीतिक दल सम्वन्धी ऐनमा सोही व्यवस्था भएकोले प्रत्येक दलका प्रत्येक सांसदहरुले आफ्नो विवेक प्रयोग गर्न सक्ने भएकोले त्यसतर्फ आफ्नो संबैधानिक जिम्मेवारी एवम् न्यायिक विवेक प्रयोग गर्न सबै माननीय सदस्यको ध्यानाकर्षण गराउँदै आएकाछौं ।

अन्त्यमा, संचार क्षेत्रवाट हालसम्म प्राप्त सहयोगको लागि यहाँहरु सवैलाई धन्यवाद ज्ञापन गर्दै यो विषयलाई थप प्रभावकारी र निर्णायक वनाउन यहाँहरुको निरन्तर सहयोग र सुझावको अपेक्षा समेत गर्दछौं ।

धन्यवाद

चण्डेश्वर श्रेष्ठ
अध्यक्ष नेपाल बार एशोसिएशन